# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, माघ २९ गते, २०८० साल (संख्या ५४


## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

### <u>विद्युतीय खरिद प्रणाली सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८०</u>

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क. बमोजिम नेपाल सरकारबाट स्वीकृति लिई सार्वजनिक खरिद अनुगमन कार्यालयले यो निर्देशिका बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "विद्युतीय खरिद प्रणाली सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को दफा ५ मा संशोधन:</u>** विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ५ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क नोट तथा सिक्काको सुरक्षण विशेषताको गोपनीयता कायम गर्ने प्रयोजनको लागि बैङ्क नोट छपाइ तथा सिक्का टकमरी सम्बन्धी खरिद कार्य गर्दा यस दफा बमोजिम विद्युतीय खरिद प्रणाली मार्फत गर्न सार्वजनिक निकाय बाध्य हुने छैन । यसरी गरिने खरिद कार्यको औचित्य पुष्टि हुने गरी सार्वजनिक निकायले निर्णय गरी सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई समेत दिनु पर्नेछ।"

३. **<u>खारेजी:</u>** मूल निर्देशिकाको दफा ४५ खारेज गरिएको छ।

**आज्ञाले,**
**लीला देवी गडतौला (निरौला)**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।